IT

पाँचथर जिल्ला अदालतबाट प्रकाशित

पाँचथर जिल्ला अदालत

१५ दिने सूचना

पाँचथर(बिगो नं. १६/४६, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/ वादी जिल्ला पाँचथर कुम्मायक गा.पा. वडा नं. ४ तिङदेन बस्ने रनजित विश्वकर्मा प्रतिवादी ऐ.ऐ. बस्ने ऐतराज सम्बाहाम्फे भएको मु.नं. ०७८-CP-०१२१ को लेनदेन मुद्दामा यस अदालतको मिति २०७८/१२/१७ को फैसला बमोजिम नगद साँवा रकम रु.६०,०००/- सो को लिखत भएको मिति २०६९/०९/१९गते देखि हुने कानून बमोजिमको ब्याज रु.६०,०००।– र वादीले दाखिला गरेको अदालती शुल्क रु.३,७१०।७४ समेत भराई पाऊँ भनी वादीको मिति २०७९/०२/२३ मा दरखास्त परी कारबाहीक्रममा प्रतिवादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७९/०४/०२ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७९/१२/०५ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८०।०१।१३ गतेमा लिलाम हुने गरी बिगो भराईदिनका सूचना प्रकाशित भएकोमा सो मितिमा लिलाम नभएकोले उक्त पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना पुनः प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, कुम्मायक गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८०/०२/२९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकृते मूल्य |
|---|---|---|---|---|---|---|---|
| १. | ऐतराज सम्बाहाम्फे लिम्बू लालबहादुर लिम्बू | पाँचथर | रानीगाउँ | ७ङ | ५ | ७-१५-१-२ | रु.१,४०,०००।– (प्रति रोपनी) |
| २. | ऐतराज सम्बाहाम्फे लिम्बू लालबहादुर लिम्बू | पाँचथर | रानीगाउँ | ८ख | ३२६ | १३-५-०-० | रु.३,००,०००।– (प्रति रोपनी) |

ईति सम्वत २०८० साल बैशाख २० गते रोज ४ शुभम्-----------------------------------------